# गोरखा नगरपालिका
# GORKHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

डुम्रीडाँडा, गोरखा
Dumri Danda, Gorkha

☎: 064-420269
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Reference No) :-
चलानी नं.(Dispatch No) :- ३९९

मिति: २०७७।०८।१०

श्री सबै सामुदायिक विद्यालय
गोरखा नगरपालिका, गोरखा।

**विषयः कार्यक्रम तथा योजनाको प्रस्तावना पेश गर्ने बारे।**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका योजना तथा कार्यक्रमहरु विद्यालय तहमा कार्यन्वयनमा ल्याउनका लागि तपसिलमा उल्लिखित कार्यक्रम तथा योजना आवश्यकताका आधारमा सकेसम्म गत गत आ.व. मा परेका कार्यक्रम तथा योजनाहरु नदोहोरिने गरी सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना पत्र तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन अनुरोध छ।

<u>कार्यक्रम तथा योजना</u>

1. माध्यमिक विद्यालयमा शिक्षण सिकाइमा ICT को प्रयोग
2. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला
3. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (बुँदा नं १, २ र ३ का जम्मा ९ वटा कार्यक्रम/योजना)
4. बाल विकास केन्द्रको नमुना व्यवस्थापन निर्माण (बढीमा ५ वटा कार्यक्रम/योजना)
   बाल विकास केन्द्रमा बसाइ व्यवस्थापन र सुचना प्रविधिको माध्यमबाट SMART TV मा Visual कक्षा सञ्चालन (साझेदारीमा कार्यक्रम गर्न सकिने गरी लागत समेत खुलेको प्रस्तावना)
5. उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (कक्षा ८, कक्षा १० र कक्षा १२ मध्ये कुनै १ कक्षा वा ३ वटै कक्षाको तपसिलका मापदण्डका आधारमा मूल्याङ्कन हुन सक्ने भएकाले प्रत्येक कक्षाको वेग्ला वेग्लै तथ्याङ्क हुनु पर्नेछ) कुनै १ विद्यालय
   सिकाइ उपलब्धि मापदण्ड

| विद्यार्थी संख्या प्रति कक्षा १५ | | | विद्यार्थी औषत सिकाइ उपलब्धि १५ | | | विद्यार्थी औषत उपस्थिति २० | | | | विद्यार्थीको कक्षा छाड्ने दर २० | | | | शिक्षक उपस्थिति २० | | | | स्थानीयतह को मूल्याङ्कन १० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० सम्म | ७५ सम्म | ७५ माथि | २.४ सम्म | २.८ सम्म | ३.२ माथि | ७५% सम्म | ८०% सम्म | ८५% सम्म | ९०% सम्म | २०% सम्म | १५% सम्म | १०% सम्म | ५% सम्म | २०% सम्म | १५% सम्म | १०% सम्म | ५% सम्म | | |
| ५ | १० | १५ | ५ | १० | १५ | ५ | १० | १५ | २० | ५ | १० | १५ | २० | ५ | १० | १५ | २० | १० | १०० |

6. तोकिएको सुचकाङ्कको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (केही विद्यालय) विद्यालय अनुदान व्यवस्थापन निर्देशिका- २०७४ अनुसारको प्रस्ताव हुनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# गोरखा नगरपालिका
# GORKHA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
डुम्रीडाँडा, गोरखा
Dumri Danda, Gorkha
☎: 064-420269
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


पत्र संख्या (Reference No) :-
चलानी नं. (Dispatch No) :-

7. विद्यालयको भौतिक अवस्थाका आंधारमा फर्निचर, खानेपानी तथा घेराबार (केही विद्यालय)
फर्निचरको अभाव भएका, खानेपानीको समस्या भएका र घेराबार नभएका विद्यालयका लागि
8. आधारभूत तह (प्राथमिक तह र निमावि तह दुवै) सञ्चालित विद्यालयका लागि शिक्षण सिकाइमा ICT को प्रयोग तथा व्यवस्थापन (केही)
विद्युतको नियमित आपूर्ति भएका, विद्यालयमा इन्टरनेटको पहुँच भएका, ICT का माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्ने आधारभूत विद्यालयले गणित, विज्ञान, अङ्ग्रेजी, कम्प्युटर जस्ता विषयहरु शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण साथै विव्यसको निर्णय सहितको प्रस्तावना
9. नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान (नमुना विद्यालयको लागि मात्र)
स्वीकृत गुरुयोजनामा उल्लिखित शैक्षिक सुधारका लागि पहिचान भएका कार्यक्रमहरु मध्ये यस पूर्व विनियोजित बजेटको कार्य प्रगति सहित पूरा गर्न बाँकी कार्यक्रमहरुबाट विद्यालय व्यस्थापन समितिको निर्णयानुसार प्राथमिकताका आधारमा यस आर्थिक वर्षमा सम्पन्न गरिने शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट सहितको प्रस्तावना (३० लाख)

विस्तृत जानकारीका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभ साइटमा भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ हेर्नु हुन ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner